## मोहन्याल गाउँपालिकाको

## खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०८२

**प्रस्तावना:** मोहन्याल गाउँपालिकाको भित्र बसोबास गर्ने प्रत्येक नागरिकको स्वच्छ- खानेपानी र सरसफाइमा समान पहुँचको सम्मान, संरक्षण र परिपूर्ति गरी स्वच्छ, गुणस्तरीय, दिगो, भरपर्दो, र नियमित खानेपानी र सरसफाइ स्वच्छताको सेवालाई सहज रूपमा उपलब्ध गराइ सो को प्रभावकारी नियमन, अनुगमन गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम मोहन्याल गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन मोहन्याल गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमति-पत्र" भन्नाले दफा १७ बमोजिमको अनुमति-पत्र सम्झनु पर्छ ।

(ख) "अनुमति-पत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने सङ्गठित संस्था सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले सङ्घीय खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगलाई सम्झनु पर्छ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष



CamScanner

(घ) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ ।

(च) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रूपमा सामूहिक हितका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ ।

(छ) "कार्यपालिका" भन्नाले मोहन्याल गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(ज) "कोष" भन्नाले दफा ४६ बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सम्झनु पर्छ ।

(झ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, ट्याङ्कर वा बोतल बन्दी रूपमा खानेपानी उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(ञ) "खानेपानी संरचना" भन्नाले खानेपानी उपलब्ध गराउनको लागि मुहानदेखि सेवा क्षेत्रसम्म निर्माण गरिएका भौतिक संरचना, त्यसले प्रयोग गरेको जमिन, पाइपलाइन त्यससँग सम्बन्धित सडक, बाटो वा त्यस्तै अन्य भौतिक संरचना सम्झनु पर्छ ।

(ट) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो



प्रमाणित
देविदत्त उपाध्याय
अध्यक्ष

शब्दले औद्योगिक संस्थाहरूले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ठ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) "गाउँपालिका" भन्नाले मोहन्याल गाउँपालिका सम्झनु पर्छ ।

(ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मोहन्याल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(त) "फोहर मैला" भन्नाले घरेलु फोहर मैला, औद्योगिक फोहर मैला, रासायनिक फोहरमैला, प्लास्टिकजन्य फोहर मैला, स्वास्थ्य संस्थाजन्य फोहर मैला वा हानिकारक फोहर मैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडे गलेका, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरू वा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्प लेट र मोहन्याल गाउँपालिकाले समय समयमा गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी



प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(थ) "लिफ्ट खानेपानी" भन्नाले उपभोक्ता रहेको क्षेत्र भन्दा तलको सतहमा उपलब्ध पानीलाई विद्युत, सौर्य, वायु वा यान्त्रिक शक्तिको प्रयोग गरी उपभोक्ता रहेको क्षेत्रसम्म खानेपानी पुऱ्याउने कार्य सम्झनु पर्छ ।

(द) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल व्यवस्थापन प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा घरायसी तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा मानव मलमुत्र व्यवस्थापन गर्ने कार्यलाई समेत जनाउँछ ।

(ध) "समन्वय समिति" भन्नाले दफा ६ बमोजिमको गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्छ र सो शब्दले वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति समेतलाई जनाउँछ ।

(न) "स्वच्छता" भन्नाले नियमित रूपमा शौचालयको प्रयोग गर्ने, नियमित रूपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धीकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ ।

(न्न) "सुरक्षित खानेपानी" भन्नाले सामान्यतया राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको मापदण्ड पुरा गर्न सक्ने खानेपानी सम्झनु पर्छ र



प्रमाणित
देविदत्त उपाध्याय
अध्यक्ष

CamScanner

सो शब्दले हालको अवस्थामा धमिलोपना, मानव स्वास्थ्य सँग सम्बन्धित आर्सेनिक तथा अन्य हानिकारक प्रदूषकको सघन सीमामापदण्ड भित्र रहेको र इ-कोली नभएको वा वितरण प्रणालीको अन्तिम प्रयोग विन्दुमा क्लोरिनको अवशेष मापदण्ड भित्र रहेको खानेपानी समेतलाई जनाउँछ ।

(प) "सेवा शुल्क" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गरे बापत उपभोक्ताले भुक्तानी गर्नु पर्ने शुल्क वा महसुल सम्झनु पर्छ र सो शब्दले त्यस्तो शुल्क समयमा भुक्तानी नगरे बापत भुक्तानी गर्नु पर्ने विलम्ब शुल्कलाई समेत जनाउँछ।

(फ) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमति-पत्रमा उल्लेख गरिएको क्षेत्रलाई सम्झनु पर्छ ।

(ब) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(भ) "सङ्गठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनि, सहकारी संस्था सम्झनुपर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानुन बमोजिम खानेपानी तथा



प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति, वा निकाय समेतलाई जनाउँछ ।

## परिच्छेद २

## खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अधिकार र कर्तव्य

३. स्वच्छ खानेपानी तथा सरसफाइको पहुँचको अधिकार: (१) प्रत्येक गाउँपालिका वासीलाई बिना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानुन बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, संवर्द्धन, कार्यान्वयन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत प्रत्येक गाउँपालिका वासीलाई देहायको अधिकार हुनेछः

(क) स्वच्छ, सुरक्षित खानेपानी तथा सरसफाइमा

(ख) भेदभाव रहित नियमित रूपमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाइ र स्वच्छता सेवामा सहज र सुलभ रूपमा पहुँचको अधिकार

(ङ) जलस्रोतको संरक्षण, संवर्द्धन र बहु उपयोग सम्बन्धी कार्य

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, संवर्द्धन, कार्यान्वयन र परिपूर्ति गर्ने जिम्मेवारी पारस्परिक समन्वयमा नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र सम्बन्धित खानेपानी, तथा सरसफाइ उपभोक्ता संस्थाको हुनेछ ।

(४) उपदफा (१) बमोजिम अधिकारको सम्मान, संरक्षण, संवर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी सङ्घीय तथा प्रदेश सरकार र विभिन्न विकास साझेदारहरूसँगको समन्वय र सहकार्यमा गाउँपालिकाको हुनेछ ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

४. पानीको स्रोत सदुपयोग र विकासको अधिकारः (१) नेपालको संविधान , यस ऐन तथा प्रचलित कानूनको अधीनमा रही पानीको स्रोतको उपयोग , विकास , संरक्षण , र व्यवस्थापनको अधिकार गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा कुनै व्यक्ति तथा समुदाय, विद्यालय, अस्पताल, मठमन्दिर, धार्मिक स्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को वैकल्पिक व्यवस्था नगराए सम्म उक्त स्रोतको सदुपयोग गर्ने हक सम्बन्धित व्यक्ति, समुदाय र सामाजिक संस्थामा सुरक्षित रहनेछ ।

(३) पानीको स्रोतको सदुपयोग गर्न गाउँपालिकाले जल उपयोग गुरुयोजना कार्यान्वयन गर्न सक्नेछ ।

५. खानेपानी स्रोत तथा मुहानको संरक्षण , सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धमा गाउँपालिकाको जिम्मेवारी : (१) गाउँपालिकाले पानीका स्रोत तथा मुहानको संरक्षणका लागि देहाय कार्यहरू गर्नेछ ।

(क) स्थानीय तहको परिधिभित्र सम्पूर्ण नागरिकहरूलाई खानेपानी सरसफाइ तथा स्वच्छता सुविधा सुनिश्चितताका लागि स्थानीय तह स्तरको खानपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण गर्ने,

(ख) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन , अनुगमन र अद्यावधिक गर्ने,

(ग) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल, बहाव क्षेत्र, बहाव प्रणालीमा वा भूमिगत पानीको स्रोतको संरक्षणका लागि जैविक खेती गर्न र चरी चरण नियन्त्रण गर्न कृषकहरूलाई प्रोत्साहन गर्ने,

दुर्गादत्त उपाध्याय
अध्यक्ष

(घ) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने र वर्षमा कम्तीमा दुई पटक खानेपानीको आयोजना वा स्किमको पानीको गुणस्तरको परीक्षण, जाँच गर्ने, गराउने,

(ङ) खानेपानीको संरक्षण र समुचित, बहुउपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित सरोकारवालाहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(च) जलाधार, नदी, ताल, तलाउ पोखरी, सिमसार जस्ता खानेपानीको स्रोत र खानेपानीको मूल वा मुहान, भूमिगत पानीलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन गर्ने र नियमित रूपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(छ) पानीको स्रोत संरक्षणका क्रियाकलापहरूलाई दिगो हिसाबले सञ्चालन गर्न , र पानीको माथिल्लो तह मुहान सफा राख्न वातावरणीय सेवा भुक्तानीको अवधारणलाई कार्यान्वयन गर्ने, गराउने,

(ज) पानीको स्रोत र मुहानको प्रदूषण गर्न सक्ने ठोस वा लेदो फोहर मैला, माटो, ढुङ्गा, खरानी, मलमूत्र, रासायनिक फोहर मैला बिसर्जन निष्कासन नगर्ने,

(झ) सडक निर्माण लगायत भौतिक पूर्वाधार विकास निर्माणका कार्य गर्दा खानेपानी वा पानीको स्रोतमा कुनै किसिमको नकारात्मक असर नआउने गरी वातावरणमैत्री रूपमा गर्ने,

(ञ) पानीको मुहान जस्तैः कुवा, इनार, मूल आदि पानीको स्रोत भएको ठाउँमा गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नियमित निरीक्षण गर्ने

देविदत्त उपाध्याय
अध्यक्ष

र प्रदूषण भएको देखिएमा प्रदूषणको कारणलाई निर्मूल पार्ने तर्फ कार्य गर्ने,

(ट) खानेपानी, सरसफाइ तथा स्वच्छता संरचना निर्माण गर्दा बालवालिका र अपाङ्गता भएका व्यक्तिका लागि प्रयोगमैत्रीका साथै समग्र उपभोगकर्तामैत्री खानेपानी तथा सरसफाइ संरचना निर्माण गर्ने र सेवा तथा सुविधा प्रदान गर्ने,

(ठ) खानेपानी उत्पत्ति हुने क्षेत्र र खानेपानीको स्रोत लगायत मूल वा मुहानमा र सोको वरपर, आसपासमा वनविनास, ढुङ्गा, गिट्टी, माटो, बालुवा निकाल्न वा ओसार पसार गर्न वा खनिज पदार्थको अन्वेषण वा उत्खनन नियन्त्रण वा प्रतिबन्ध गर्ने,

(ड) खानेपानी आयोजनाका लागि खानेपानीको स्रोत वा मुहानबाट पानी लग्दा त्यस्तो खानेपानीको स्रोत वा मुहानको तल्लो तटमा बसोबास गर्ने समुदाय, गाई बस्तु, जीवजन्तु तथा जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन खानेपानीको स्रोत वा मुहानको प्रवाहको कम्तीमा दश प्रतिशत न्यूनतम वातावरणीय बहाव सुनिश्चित गर्ने,

(ढ) उपभोक्ता संस्थाको पानीको स्रोत तथा मुहानको संरक्षण गर्न , व्यवस्थापन गर्न, नेतृत्व विकास तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता विषयवस्तुमा क्षमता अभिवृद्धि तालिम, गोष्ठीको सञ्चालन गर्ने गराउने, र उत्कृष्ट काम गर्ने उपभोक्ता संस्था तथा मर्मत सम्भार कार्यकर्तालाई प्रोत्साहन गर्न पुरस्कारको समेत व्यवस्था गर्ने,

(ण) घर आवास जस्ता नयाँ संरचना बनाउँदा गाउँपालिकाले पारित गरेको भवन संहिताबमोजिम



देविदत्त उपाध्याय
अध्यक्ष

मानव मलमूत्र संकलन र बिसर्जनको प्रबन्ध गर्न तोकिएको ढाँचामा शौचालय, सेप्टिक टयांकि आदि बनाएर सञ्चालन गर्ने,

(त) यो ऐन लागू हुनु पूर्व बनेका शौचालय, सेप्टिक टयांकि आदि पुराना संरचनालाई स्तरोन्नति गरी यसै बमोजिमको ढाँचा र गुणस्तरको बनाउने र सञ्चालन गर्ने,

(थ) आफ्नो निजी घर कम्पाउन्ड, कार्यालय, पसल, उद्योग, कलकारखाना कम्पाउण्ड, वा परिसर भित्र विसर्जन हुन सक्ने फोहर मैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहर मैलामात्र निष्कासन फोहर मैलाको परिमाणलाई घटाउने,

(२) गाउँपालिकाले कुनै क्षेत्रलाई मुहान तथा जलाधार संरक्षण क्षेत्र घोषणा गरी सो क्षेत्रको संरक्षण र विकास गर्न सक्नेछ ।

(३) पानीको स्रोत संरक्षणका लागि एकीकृत जलस्रोतको अवधारणालाई प्रवर्द्धन गर्न गाउँपालिकाले गाउँपालिका स्तरमा समिति गठन गर्न र अन्तरपालिका स्तरीय समितिमा संलग्न रहि कार्य सक्नेछ ।

## परिच्छेद ३

## संस्थागत संरचनाहरु

६. **गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) यस ऐनको कार्यान्वयनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न गाउँपालिकाको कार्यपालिकाले निर्णय गरे बमोजिमको समावेशी खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति बनाउन सकिनेछ र यसमा कम्तीमा सबै (महिला, जनजाति, दलित वा अल्पसङ्ख्यक) को ५०% प्रतिनिधित्व हुनुपर्नेछ :



देविदत्त उपाध्याय
अध्यक्ष

गाउँपालिकाको कार्यालय
जिनडी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिकाका वडाका अध्यक्षहरू - सदस्य

(ङ) कार्यपालिकाका महिला सदस्य, दलित र अपाङ्गता भएका व्यक्ति गरी ४ जना - सदस्य

(च) शिक्षा शाखा प्रमुख - सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ज) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(झ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य

(ञ) योजना शाखा प्रमुख -सदस्य

(ट) सूचना प्रविधि शाखा -सदस्य

(ठ) महिला तथा बालबालिका शाखा/उपशाखा प्रमुख सदस्य -सदस्य

(ड) गाउँपालिकाको खानेपानी तथा सरसफाइ शाखा हेर्ने अधिकारी/ईकाइ प्रमुख - सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवालाहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. <u>गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तव्य र अधिकार</u> : गाउँपालिका स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता सुनिश्चित गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गरी समयानुकूल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन अनुगमन र अद्यावधिक गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ङ) खुला दिसा मुक्त घोषणालाई दिगो बनाउदै पूर्ण सरसफाइलाई सुनिश्चितता गर्ने,

(च) पूर्ण सरसफाइ तथा स्वच्छता सम्बन्धि बानी व्यवहार विकास गर्न अभियान संचालन गर्ने,

(छ) विभिन्न विकास साझेदारहरूसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना गुरुयोजनाको कार्यान्वयनमा योगदान तथा सहयोग गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।

८. <u>खानेपानी सरसफाइ तथा स्वच्छता शाखा वा इकाइः</u> (१) यस ऐन तथा ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र योजनाको कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो सङ्गठन संरचनामा खानेपानी सरसफाइ तथा स्वच्छता इकाई वा शाखा तोकी जिम्मेवारी प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखा वा इकाईको भूमिका र जिम्मेवारी देहायबमोजिम हुनेछ ।



देविदत्त उपाध्याय
अध्यक्ष

(क) वार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी कार्यक्रमहरूको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन र समन्वय गर्ने ।

(ख) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, जल उपयोग गुरुयोजनाको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने,

(ग) खानेपानी सरसफाइ स्वच्छता सम्वन्धी सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रक्रियामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(घ) नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि डाटाबेस (NWASH-MIS) अर्धवार्षिक रुपमा नियमित अद्यावधिक गर्ने,

(ङ) खानेपानी, सरसफाइ उपभोक्ता समितिको दर्ता , गठन, पुनः गठन, गाउँपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सजिकरण गर्ने

(च) खानेपानी सरसफाइ स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(छ) उपभोक्ता समितिहरूको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरू सङ्ग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्य योजना सहित समितिमा पेश गर्ने, प्रतिवेदन प्राप्त नभएका वडाहरूलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(ज) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरू छनौट गरी



प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

CamScanner

पुरस्कृत गर्न गाउँ कार्यपालिकामा पेश गर्ने, मूल्याङ्कनमा कमजोर अङ्क प्राप्त गर्ने उपभोक्ता समितिहरूलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरू मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(झ) शाखा वा इकाईको अन्य जिम्मेवारी गाउँपालिकाको कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

९. <u>वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति:</u> गाउँपालिकाले वडा स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिविधिको कार्यान्वयन र समन्वय गर्न कार्यसमितिले निर्णय गरे बमोजिमको कम्तीमा ५०% महिला, दलित, लोपोन्मुख वा अल्पसङ्ख्यक जनजातिको प्रतिनिधित्व हुने गरी वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति बनाउन सकिनेछ ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरू मध्येबाट वडा अध्यक्षले तोकेको महिला सहित २ जना - सदस्य

(ग) वडा स्तरको स्वास्थ्य संस्था प्रमुख - सदस्य

(घ) वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक एक जना -सदस्य

(ङ) वडामा सञ्चालित खानेपानी उपभोक्ता समितिहरू मध्येबाट एक जना महिला सहित २ जना - सदस्य

(च) वडा स्तरीय बाल क्लव प्रमुख एक जना -सदस्य

(छ) वडा सचिव -सदस्य सचिव

१०. <u>खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको गठन</u> : (१) सामूहिक लाभका लागि संस्थागत रूपमा खानेपानी तथा सरसफाइ सेवाको व्यवस्थापन गर्न चाहने व्यक्तिहरूले तोकिएबमोजिम कम्तीमा ५०% महिला, दलित, लोपोन्मुख वा अल्पसङ्ख्यकको जनजातिको प्रतिनिधित्व हुने गरि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।



प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

CamScanner

(२) उपभोक्ता संस्था गठन गर्दा एक घर परिवारबाट एक सदस्य भन्दा बढी उक्त संस्थामा रहन पाउने छैन ।

(३) उपभोक्ता संस्थामा कर्मचारी, जनप्रतिनिधि र राजनैतिक दलका उच्च पदमा रहेका व्यक्ति, निर्माण व्यावसायी र फौजदरी अभियोग लागेका व्यक्ति रहन पाउने छैन ।

११. <u>उपभोक्ता संस्था सङ्गठित संस्था हुने</u> : (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाको छुट्टै विधान हुनुपर्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(५) माथि उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक सम्पत्ति बेच्न भने पाइने छैन ।

(६) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१२. <u>खानेपानी उपभोक्ता संस्थाहरूको काम , कर्तव्य तथा अधिकार</u>:- उपभोक्ता संस्थाका काम , कर्तव्य तथा जिम्मेवारी देहायबमोजिम हुनेछ :-

(क) उपभोक्ता समितिले आफ्नो संस्थाको विधान, लेखा सम्बन्धी दस्तावेज, योजनाको सम्झौता तथा डिजाइन प्रतिवेदन, उपभोक्ता समितिको निर्णय पुस्तिका, योजना खाता, आगन्तुक पुस्तिका, निर्माण सामाग्रीहरूको जिन्सी खाता, सामग्री तथा औजारहरूको अभिलेख दुरुस्त एवम् सुरक्षित रूपमा राख्ने,

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष



CamScanner

(ख) आफूले जिम्मा लिएको वा आफूलाई हस्तान्तरण भई आएका आयोजनाको सञ्चालन र कार्यान्वयन गर्ने,

(ग) आयोजना सम्पन्न गर्न, संचालन गर्न र आयोजनाको मर्मत सम्भार गर्न आवश्यक सहयोग गर्ने र नियमित रूपमा पानी महसुल उठाउने,

(घ) खानेपानीको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपूर्ति समेत सुनिश्चित गर्नका लागि जलस्रोतको संरक्षण, सुधार, पुनर्स्थापना र सुरक्षा गर्ने,

(ङ) खानेपानीको स्रोतको संरक्षण र दिगो उपयोग, प्रदूषणको रोकथाम तथा नियन्त्रण र खानेपानीको स्रोत, मूल वा मुहानको जलग्रहण क्षेत्रको संरक्षण, सुधार र सुरक्षा सम्बन्धी व्यवस्था गर्ने,

(च) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी संरचना निर्माण गर्दा बालबालिका र अपाङ्गता भएका व्यक्तिमैत्रीका साथै उपभोगकर्ता मैत्री संरचना निर्माण गर्ने,

(छ) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन र खेर गएको पानीको वा अन्य पानीको बहु उपयोग सम्बन्धी व्यवस्था गर्ने,

(ज) संरक्षण क्षेत्र अन्तर्गतका अन्य उपभोक्ता समितिसँग आवश्यक समन्वय राखी कार्य गर्ने,

(झ) पहिरो तथा भू-क्षयको नियन्त्रण गर्न कार्यक्रम संचालन गर्ने, वृक्षारोपण गर्ने वा गराउने,

(ञ) उपभोक्ता संस्थाहरूले नियमित रूपमा व्यक्तिगत सरसफाइ, हात धुने अभ्यास, स्यानीटरी प्याडका



प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

प्रयोग र विसर्जनको अवस्था लगायत घरेलु तथा वातावरणीय सरसफाइको अनुगमन गर्ने,

(ट) उपभोक्ता संस्थाहरूले वार्षिक साधारण सभा गरी खर्च तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण नियमित रूपमा गर्ने,

(ठ) कसैले सेवा दुरुपयोग गरेको वा पानीको चुहावट गरेको वा त्यस्तो किसिमको क्रियाकलाप गरेको वा गर्न लागेको कुरा थाहा हुन आएमा तत्काले पालिकालाई सूचना दिने,

(ड)

१३. <u>लैङ्गिक समानता, अपाङ्गता, सामाजिक समावेशिता तथा समन्याय कायम गर्ने</u>: (१) दफा १० बमोजिम उपभोक्ता समितिको कार्य समितिको कम्तीमा मुख्य २ पदमा महिलाको सहभागिता, संस्थाहरूको सदस्यतामा कम्तीमा ५० प्रतिशत लैङ्गिक समानता तथा सामाजिक समावेशी सिद्धान्तका आधारमा अपाङ्गता भएका व्यक्ति, दलित , पछाडि पारिएका वर्ग वा आदिवासी जनजाति, सीमान्तकृत समुदाय, विपन्न वर्ग समुदाय र युवा समुदायको सहभागिता सुनिश्चित हुनुपर्नेछ ।

(२) उपदफा (१) को व्यवस्थाले महिला वा सीमान्तकृत वर्गको मात्रपदाधिकारी तथा सदस्य भएको कार्य समिति बनाउनमा वा गठन गर्नमा रोक लगाएको मानिने छैन ।

## परिच्छेद ४

## दर्ता र अनुमति सम्बन्धी व्यवस्था

१४. <u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दर्ता र नवीकरण</u> : (१) दफा १० बमोजिम गठन भएका उपभोक्ताहरू वा समुदायका सदस्यहरूले गाउँपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा, तथा बहुउपयोगी प्रणाली सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न गाउँपालिकाको कार्यालयमा वडा समितिको सिफारिस तथा कम्तीमा पचहत्तर प्रतिशत उपभोक्ताहरूको भेलाको उपस्थिति

प्रमाणित



देविदत्त उपाध्याय
अध्यक्ष

तथा निर्णय सहित खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको दर्ता गर्नका लागि लिखित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गर्दा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उपभोक्ता संस्था गठन गर्नका लागि निवेदन दिँदा खानेपानीको स्रोत वा मुहानको समेत दर्ता गर्ने ब्यहोरा समेत उल्लेख गर्नु पर्ने र उपभोक्ता संस्था दर्ता गर्दा उक्त उपभोक्ता संस्थाको नाममा निवेदनमा उल्लेख भए बमोजिमको खानेपानीका स्रोत वा मुहान त्यस अघि कुनै उपभोक्ता संस्था वा सङ्गठित संस्थाको नाममा दर्ता भएको छैन भने गाउँ कार्यपालिकाको कार्यालयले वडा समितिको सिफारिस र उपभोक्ताहरुको भेलाको उपस्थिति तथा निर्णयमा उल्लेख भए बमोजिमको खानेपानीको स्रोत वा मुहान निवेदक उपभोक्ता संस्थाको नाममा दर्ता गरी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खानेपानीको स्रोत वा मुहानको दर्ता गर्दा उक्त उपभोक्ता संस्थाको नाममा निवेदनमा उल्लेख भए बमोजिमको खानेपानीका स्रोत वा मुहान अन्य कुनै उपभोक्ता संस्था वा सङ्गठित संस्थाको नाममा दर्ता भए नभएको आवश्यक जाँचबुझ गरी मुहान दर्ताका लागि समेत सम्बन्धित वडा कार्यालयले सिफारिस गर्नु पर्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतले उपभोक्ता संस्था गठन गर्नका लागि यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई उपभोक्ता संस्था गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई गाउँपालिकाले तोकिएको ढाँचा बमोजिम सहयोग गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरूप खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन गरिने क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक उपभोक्ता संस्था गठन गरी उपभोक्ता संस्थाको विधान सहित गाउँ कार्यपालिकाको कार्यालयमा उपभोक्ता संस्थाको दर्ता गराउन उपभोक्ताहरुको भेला गराई उक्त भेलाको निर्णय तथा उक्त

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

भेलामा उपस्थित प्रत्येक घरधुरीका एक एक व्यक्तिको सहिछाप र वडा समितिको सिफारिस सहित दरखास्त दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको दरखास्त दिने उपभोक्ता संस्था त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो उपभोक्ता संस्थालाई दर्ता गरी, यस ऐन तथा कार्यपालिकाले तोकिदिएको सर्तहरू पालन गर्न कबुलियतनामा गराई गाउँपालिकामा तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(९) उपदफा (१) देखि उपदफा (८) सम्म उल्लेख भएको कुनै एक वा सो भन्दा बढी प्रक्रिया वा कुनै सिफारिस, भेलाको उपस्थिति तथा निर्णय वा अन्य लिखत पेस नभई वा प्रक्रिया पुरा नभई उपभोक्ता संस्था दर्ता हुन नसकेमा प्रमुख प्रशासकीय अधिकृतले कारण खुलाई ७ दिन भित्र सो को सूचना सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिमको सूचनामा उल्लेख भएको प्रक्रिया वा कुनै सिफारिस, भेलाको उपस्थिति तथा निर्णय वा अन्य लिखत सम्बन्धित निवेदकले पेश गरेपछि कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो उपभोक्ता संस्थालाई दर्ता गरी उपदफा (८) बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

(११) यो ऐन लागु हुनु पूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्था, समूह, वा समिति मध्ये प्रचलित सङ्घीय र प्रदेश कानुन बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरूले यो ऐन लागु भए पश्चात् गाउँपालिकामा आफ्नो साबिक विधान र दर्ता प्रमाण-पत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नु वा हुनु पर्नेछ । तर, यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन।

१५. <u>उपभोक्ता संस्थाको विधान:</u> (१) दफा १४ बमोजिम गाउँपालिकामा दर्ताका लागि निवेदन दिँदा उपभोक्ता संस्थाले आफ्नो विधान तयार गरेको हुनुपर्ने छ। विधान तयारि प्रक्रियामा गाउँपालिकाका कर्मचारिले सम्बन्धित वडा कार्यालयको समेत सहयोग लिई समुदायलाई सहजिकरण गर्नेछ। विधानमा देहाय बमोजिमका विषयवस्तु र व्यवस्थाहरु समावेश गर्नेपर्नेछः-

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, उद्देश्य, कार्यहरु, कार्यक्षेत्र र श्रोत,

(ख) खानेपानीको स्रोतको संरक्षण र दिगो उपयोग, प्रदुषणको रोकथाम तथा नियन्त्रण र खानेपानीको स्रोत, मूल वा मुहानको जलग्रहण क्षेत्रको संरक्षण, सुधार र सुरक्षा सम्बन्धी व्यवस्था,

(ग) खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी संरचना निर्माण गर्दा वालवालिका र अपाङ्गता मैत्रीका साथै उपभोगकर्ता मैत्री संरचना निर्माण सम्बन्धी व्यवस्था,

(घ) पानी सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयन र खेर गएको पानीको वा अन्य पानीको बहु उपयोग सम्बन्धी व्यवस्था,

(ङ) प्रस्तावित उपभोक्ता संस्थाका एकल महिला, अपाङ्गता भएका व्यक्ति, वालवालिका, एकल पुरुष, दलित, आदिवासी जनजाति र विपन्न घरधुरी सदस्यका लागि समन्यायिक पहुँच, दिगो उपयोग, लाभको समन्यायिक बाँडफाँड र विशेष सुविधा सम्बन्धी प्रावधान,

(च) उपभोक्ता संस्थाको सदस्यता, सदस्यता प्राप्ति तथा समाप्ती सम्बन्धी व्यवस्था, सदस्यता शुल्क, सदस्यता शुल्क छुट सम्बन्धी व्यवस्था,

(छ) कार्य समिति, पदाधिकारी तथा सदस्यहरु, वार्षिक साधारणसभा, विशेष साधारणसभा तथा साधारणसभाका काम, कर्तव्य र अधिकार, कार्य समितिको बैठक र कार्यविधि, कार्य समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(ज) कार्य समितिको गठन, कार्य समितिका प्रमुख पदहरुमा महिला, दलित, आदिवासी जनजाति र



प्रमाणित
देविदत्त उपाध्याय
अध्यक्ष

CamScanner

विपन्न घरधुरी तथा युवाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(झ) अविश्वासको प्रस्ताव तथा निर्वाचन सम्बन्धी व्यवस्था,

(ञ) खानेपानीको पाईप जडान, महशुल तथा सेवा शुल्क, विलम्व महशुल निर्धारण र संकलन सम्बन्धी व्यवस्था,

(ट) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण, र सार्वजनिक सुनुवाई तथा सार्वजनिक लेखापरिक्षण सम्बन्धि व्यवस्था,

(ठ) हेरालु र मर्मत सम्भार कार्यकर्ता तथा अन्य आवश्यक कर्मचारी सम्बन्धी व्यवस्था,

(ड) पानी सुरक्षा समिति, अनुगमन समित, निर्माण समिति, लगायत आवश्यक अन्य समिति वा उपसमिति गठन तथा विघटन सम्बन्धी व्यवस्था,

(ढ) विधान विपरित काम गर्ने उपभोक्ता संस्थाका सदस्यहरुलाई गरिने जरिवाना तथा क्षतिपुर्ति र उपभोक्ता संस्थाका सदस्यलाई दण्ड जरिवाना गर्दा पालना गर्नु पर्ने कार्यविधि,

(ण) विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने जस्ता विविध व्यवस्था, र

(त) कार्यपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

(२) उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु तोकिएबमोजिम समावेश गर्न सकिनेछ ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

१६. <u>खानेपानीको स्रोत दर्ता गर्नु पर्ने :</u> (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र पानीको स्रोत वा खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरि खानेपानी व्यवस्थापन गर्न चाहने उपभोक्ता संस्थाले तोकिएको प्रक्रिया बमोजिम गाउँपालिकामा खानेपानीको मूल वा मुहान दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुहान दर्ता सम्बन्धमा कुनै विवाद सृजना भएमा सो सम्बन्धी स्थानीय समुदायको परामर्श लिई सम्बन्धित वडा समितिले विवाद समाधानका लागि सहजीकरण गर्नेछ ।

(३) मुहानको स्वामित्व सम्बन्धी विवादको समाधान तोकिए कानून बमोजिम हुनेछ ।

१७. <u>अनुमति-पत्र लिनु पर्ने :</u> (१) गाउँपालिकाको कुनै क्षेत्रमा कुनै निजी क्षेत्र (कम्पनी वा उद्योग) जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा गाउँपालिकाको कार्यपालिकाबाट तोकिएबमोजिम अनुमति-पत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रूपमा सामूहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले साना आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न , आफ्नो जग्गामा रहेको पानीको श्रोतको घरेलु उपयोगका लागि खानेपानी प्रयोग गर्न , र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमति-पत्र लिनुपर्ने छैन ।

१८. <u>अनुमति-पत्र खारेज गर्न सकिने</u> (१) गाउँपालिकाले दफा १७ बमोजिम अनुमति प्राप्त संस्थाको सेवा सम्बन्धमा आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना नगरे वा तोकिएको कार्य सम्पादन मानकको मूल्याङ्कनका आधारमा व्यवस्थापकीय तथा सेवा सञ्चालन गर्न अनुपयुक्त देखिएमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमति-पत्र खारेज गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम अनुमति-पत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमति-पत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।



देविदत्त उपाध्याय
अध्यक्ष

गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
चिसापानी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१९. <u>गाउँपालिकालाई जानकारी दिने</u> : यस परिच्छेदको प्रयोजनका लागि सङ्घीय तथा प्रदेश सरकारको कुनै निकायमा दर्ता तथा अनुमति प्राप्त संस्थाले सोको व्यहोरा जनाई तोकिए बमोजिम गाउँपालिका समक्ष जानकारी दिनु पर्नेछ ।

## परिच्छेद ५

## <u>खानेपानी सेवाको व्यवस्थापन</u>

२०. <u>खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन:</u> (१) गाउँपालिकाले खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था मार्फत गर्नु गराउनु पर्नेछ ।

(२) गाउँपालिकाले/विभिन्न विकास साझेदारहरूले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा आयोजना स्थलका घरधुरीहरु, महत्त्वपूर्ण सार्वजनिक स्थल र कार्यालयमा एक घर एक धारा प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापनका लागि स्थायी प्रकृतिको उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ ।

२१. <u>खानेपानी आयोजना र संरचनाको हस्तान्तरण :</u> (१) गाउँपालिकाको क्षेत्राधिकार, दायित्व वा जिम्मेवारी भित्र कुनै पनि निकायले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि सङ्गठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरू उक्त सङ्गठित संस्थाले पाएको अनुमति-पत्रको अवधि सकिएपछि वा अनुमति-पत्र खारेज भएको अवस्थामा, कुन अवस्थामा रहेको छ निरीक्षण गरी उक्त आयोजना र सोको संरचनाहरु पनि गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिकामा हस्तान्तरण भएका आयोजनाहरू दफा २० बमोजिम संचालन र व्यवस्थापन गरिनेछ ।

२२. <u>निजी तथा सार्वजनिक जग्गामा पाइप लाइन तथा संरचनाको निर्माण</u> : (१) उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित



देविदत्त उपाध्याय
अध्यक्ष

CamScanner

कानुन बमोजिमको प्रक्रिया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले प्रचलित कानुन बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

२३. <u>खानेपानी, सरसफाइ महसुल निर्धारण</u>: (१) उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारणगर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरूको योगदान, उपभोक्ताको हित, उपभोक्ताको क्रय शक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरूका आधारमा निर्धारण गर्ने खानेपानी महसुलमा सम्भव भएसम्म एकरूपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि महसुल समायोजन गर्न आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु उपभोक्ता संस्थाको कर्तव्य हुनेछ ।

देविदत्त उपाध्याय
अध्यक्ष

(४) अनुमति-पत्र प्राप्त संस्थाले व्यावसायिक, तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल गाउँपालिकाको परामर्शमा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ.।

१४. <u>महसुल तथा शुल्क लिन सक्ने:</u> (१) उपभोक्ताले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापत उपभोक्ता संस्थाले साधारणसभाले निर्धारण गरे बमोजिम र अनुमति-पत्र प्राप्त संस्थाले आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ ।

(२) उपभोक्ताले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रूपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नु पर्ने सर्तको उल्लङ्घन गर्ने उपभोक्ताको सेवा सम्बन्धित उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले पूर्व सूचना दिई सेवा बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरिदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पुनः सुचारु गरिदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

(६) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएता पनि उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिब तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

निकास बापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ ।

२५. <u>मिनाहा वा छुट दिन सक्ने</u> : प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्र लगायत डुबान क्षेत्रका उपभोक्ता, एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, गरिव तथा विपन्न परिवार वा सीमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले घटाउन वा मिनाहा गर्न सक्नेछ ।

२६. <u>मर्मत सम्भार कार्यकर्ताको व्यवस्था</u> : (१) हरेक अनुमति प्राप्त संस्थाले आयोजनाको नियमित मर्मत सम्भारका लागि एक वा दुई जना मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापन गर्नु पर्नेछ । सो को जानकारी गाउँपालिकालाई गराउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यकर्ताको तोकिए बमोजिम क्षमता विकास गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यकर्ताको आवश्यक क्षमता विकास गरी गाउँपालिकाले तोकिए बमोजिम मर्मत सम्भार कार्यकर्ता सूचीकरण प्रमाणपत्र दिनेछ ।

२७. <u>असुल उपर गर्न सक्ने:</u> यस ऐन बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानुन बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद ६

## गुणस्तर र मापदण्ड

२८. <u>गुणस्तर मापदण्ड तोक्न सक्ने</u> : (१) खानेपानीको गुणस्तर र मापदण्ड तथा सरसफाइ सेवाको सम्बन्धमा प्रदेश सरकारले तोकेको गुणस्तर तथा मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) तर प्रदेश सरकारले गुणस्तर र मापदण्ड नतोकेसम्म खानेपानी, सरसफाइ



प्रमाणित
देविदत्त उपाध्याय
अध्यक्ष

तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर र मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(३) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तर भन्दा प्रतिकुल नहुने गरी गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ । गाउँपालिकाले आवश्यक मापदण्ड बनाउन समिति वा कार्यदलको व्यवस्था गर्नुपर्ने छ ।

(४) उपभोक्ता संस्था र अनुमति पत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(५) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप हुने गरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम गाउँपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता संस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

(७) खानेपानीको गुणस्तर सुधारका लागि सेवा प्रदायक संस्थाले देहायका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

(क) खानेपानी सुरक्षा योजना लागु गर्ने

(ख) पानी प्रशोधन प्रणालीको विकास

(ग) पानी परीक्षणको व्यवस्था

(घ) पानीको घरायसी प्रशोधन विधिहरूको बारेमा सचेतना सम्बन्धी क्रियाकलाप गर्ने

(ङ) श्रोत संरक्षण, पानीको बहु उपयोगको व्यवस्था

(च) NWASH मा तथ्याङ्कहरू प्रवेशिकरण र अद्यावधिक गर्ने

२९. <u>गुणस्तर कायम गर्नु पर्ने</u>: (१) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले दफा २८ बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।



देविदत्त उपाध्याय
अध्यक्ष

(२) अनुमति प्राप्त संस्थाले खानेपानीको गुणस्तर कायम राख्न आवश्यकता अनुसार तोकिएका एक वा एक भन्दा बढी प्रविधिहरू अवलम्बन गरी प्रशोधन गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले दफा २८ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफै प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परीक्षणको व्यवस्था गर्नु पर्नेछ ।

(४) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले तोकिए बमोजिम खानेपानीको सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(५) गाउँपालिका, उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले खानेपानीको गुणस्तर कायम गर्न समुदाय तहमा पानी शुद्धीकरणका घरेलु विधि सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गर्नु पर्नेछ ।

३०. नदी तथा ताल, तलैयांको जल गुणस्तर मापदण्ड : सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, खोला, गाड, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरूको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

३१. फोहर पानीको व्यवस्थापन : (१) गाउँपालिकाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात् निष्कासन हुने मानव मलमूत्र रहितको फोहरपानी र फोहरपानीसँग मिसिएर आउने वर्षात वा आकाशे पानीको व्यवस्थापन गर्न समय सापेक्ष योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको फोहरपानीको व्यवस्थापन गर्न तर्जुमा तथा कार्यान्वयन गर्ने योजना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. फोहरपानी प्रशोधन गर्नु पर्ने: (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरीत मानव मलमूत्र सहितको फोहरपानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमूत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

(२) उद्योग, कलकारखाना वा अन्य सङ्गठित संस्थाले आफूबाट उत्सर्जित वा आफुले उत्सर्जन गरेको फोहोर पानी ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानुन बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।

(३) गाउँपालिकाले आफै वा उपभोक्ता संस्थाले गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहरपानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

३३. <u>प्रयोगशालाको स्थापना तथा सञ्चालन:</u> (१) गाउँपालिकाले खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. <u>अनुगमन तथा नियमन :</u> (१) गाउँपालिकाले उपभोक्ता संस्था तथा अनुमति-पत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर र सरसफाइ तथा स्वच्छता सेवाको स्तरका सम्बन्धमा नियमित रूपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत, खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमति-पत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहरपानीको नमुना सङ्कलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोर पानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमति-पत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमति-पत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।



देविदत्त उपाध्याय
अध्यक्ष

CamScanner

## परिच्छेद ७

## सरसफाइ स्वच्छता तथा पूर्ण सरसफाइ

३५. <u>खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने</u> : (१) मोहन्याल गाउँपालिकाले सङ्घ र प्रदेश सरकारको समन्वयमा र सहयोग लिइ खानेपानी, सरसफाइ तथा स्वच्छता कार्य सुव्यवस्थित तवरले गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा गर्न सक्नेछ ।

(२) मोहन्याल गाउँपालिकाले उपदफा (१) बमोजिम तर्जुमा गर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा समावेश गर्नु पर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ ।

३६. <u>फोहरमैला व्यवस्थापन गर्ने दायित्व</u> :(१) गाउँपालिका क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहर मैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको फोहर मैला व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टै कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

३७. <u>फोहरमैलाको उत्पादन कम गर्ने:</u> (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहर मैलाको पुनः प्रयोग, पुनः चक्रीय प्रयोग, स्रोतदेखि नै फोहरमैलाको

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

परिमाणलाई घटाउने र कुहिने फोहरमैलाको कम्पोस्ट मल बनाउने जस्ता उपाय अवलम्बन गरी यथाशक्य फोहरमैलाको परिमाणलाई घटाउनु गर्नु पर्नेछ ।

(२) आफ्नो निजी घर कम्पाउन्ड, कार्यालय, पसल, उद्योग, कलकारखाना कम्पाउण्ड वा परिसर भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्कासन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

३८. <u>फोहरमैला सङ्कलन केन्द्र तोक्ने :</u> (१) गाउँपालिकाले फोहरमैलालाई व्यवस्थित रूपमा सङ्कलन गर्न प्रत्येक टोल वा बस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा बस्तीमा सबैलाई पायक पर्ने गरी वातावरणीय रूपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहरमैला निष्कासन र सङ्कलन गर्ने समय र तरिका गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३९. <u>फोहरमैलाको ढुवानी :</u> (१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाउँपालिका वा गाउँपालिकाले व्यवस्था गरेको संघ संस्था वा निकायको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहर मैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी सम्बन्धी कार्यविधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४०. <u>मानव मलमूत्रीय फोहर व्यवस्थापन गर्ने दायित्व</u> : (१) यस ऐन बमोजिम मानव मलमूत्रीय फोहर व्यवस्थापन गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २९ बमोजिम नयाँ भवन निर्माण गर्दा नक्सामा अन्य कुराहरूको अतिरिक्त सो भवनको छुट्टै चर्पी, सोकपिट रहने गरी नक्सामा सेप्टिक ट्याङ्की खुलाउनुपर्ने छ ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

(३) गाउँपालिकाले पिट र सेप्टिक टयाङ्की जस्ता संकलन टयाङ्कीबाट मानव मलमूत्रीयलाई खाली गर्न, सेप्टिक सङ्कलन वा ढुवानी सम्बन्धी सेवा व्यावसायिक वा व्यापारिक रूपमा प्रदान गर्न निजी क्षेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ वा गाउँपालिकाका र निजी क्षेत्रका सेवा प्रदायक मिलेर संयुक्त रूपमा वा निजी क्षेत्रका सेवा प्रदायक र उपभोक्ता संस्था मिलेर संयुक्त रूपमा सेवा सञ्चालन गर्न सक्नेछ ।

(४) अनुमति प्राप्त सेवा प्रदायकले सङ्कलित मानव मलमूत्रीयलाई गाउँपालिकाद्वारा तोकिएको स्थानमा वा प्रशोधन केन्द्रमा लगेर सुरक्षित रूपमा विसर्जन गर्नु पर्नेछ ।

(५) कसैले पनि अनधिकृत रूपमा पानीको स्रोत र बस्ती जस्ता क्षेत्रमा मानव मलमुत्रीय फोहर विसजर्न गर्न पाइने छैन ।

(६) उपदफा (१) बमोजिमको अनुमति प्रदान गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

४१. <u>ढल निकास सेवा सञ्चालन</u> : यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निस्किएको फोहर पानीको व्यवस्थापनका लागि गाउँपालिका र अनुमति-पत्र प्राप्त संस्थाले ढल निकासको व्यवस्थापन गर्नु पर्नेछ ।

४२. <u>सरसफाइ कार्यकर्ता र सुरक्षा सम्बन्धी व्यवस्था</u>: (१) गाउँपालिकाले गाउँ क्षेत्रको फोहरमैला व्यवस्थापन, मानव मलमूत्रीय फोहर व्यवस्थापनका लागि सरसफाइ कार्यकर्ता परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सरसफाइ कार्यकर्ता परिचालन गर्दा गाउँपालिका वा सम्बन्धित व्यक्ति तथा संस्थाले न्यूनतम स्वास्थ्य सुरक्षा सामाग्री उपलब्ध गराउनेछ ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनका लागि न्यूनतम सुरक्षा सामग्री भन्नाले पन्जा, मास्क, जुत्ता, एप्रोन, सुरक्षा बेल्ट, हेलमेट ,चस्मा आदिलाई जनाउनेछ ।

(३) उपदफा (१) बमोजिमका सरसफाइ कार्यकर्ताको आवश्यक क्षमता विकास गरी गाउँपालिकाले सरसफाइ कार्यकर्ताको सूचीकरण प्रमाणपत्र दिनेछ ।

४३. <u>शौचालय बनाउनु पर्ने</u> : (१) गाउँपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, विद्यालय व्यवसाय सञ्चालकले अनिवार्य सुरक्षित शौचालय बनाउनु पर्नेछ ।

(२) गाउँपालिकाले शौचालयको पहुँच र गुणस्तर सुनिश्चित गर्न शौचालय सम्बन्धी मापदण्ड बनाई लागु गर्नेछ ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष



CamScanner

(३) मेला तथा हाट बजार लाग्ने स्थलमा सोको व्यवस्थापन गर्ने निकायले सुरक्षित शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले कार्यालय तथा विद्यालयको शौचालय र सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको मापदण्ड र कार्यविधि बनाई लागु गर्नेछ ।

(५) उपदफा (४) बमोजिम गाउँपालिकाले सार्वजनिक शौचालय निर्माण गर्दा लैङ्गिक, वालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले समेत प्रयोग गर्न सक्ने गरी प्रयोगकर्ता मैत्री निर्माण गर्नु पर्नेछ ।

(६) उपदफा (५) अनुसारको प्रयोगकर्ता मैत्री शौचालय सम्बन्धमा उपयुक्त मापदण्डको व्यवस्था गरिनेछ ।

(७) यस दफा बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने विपन्न परिवारका लागि गाउँपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

(८) सार्वजनिक शौचालय निर्माण तथा सञ्चालनका लागि गाउँपालिकाले निजी क्षेत्रसंगको सहकार्यमा गरिने छ ।

४४. <u>महिनावारी स्वच्छता कायम गर्ने</u> : (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ ।

(२) हरेक संस्थागत शौचालयमा अनिवार्य सेनिटरी प्याड विसर्जन टयांकी सहितको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) विद्यालय समयमा छात्रा तथा महिला शिक्षकको लागि निः शुल्क सेनिटरी प्याडको व्यवस्था गर्नु पर्नेछ ।

४५. <u>पूर्ण सरसफाइ अभियान</u>: (१) मोहन्याल गाउँपालिकाले घरायसी, विद्यालय, समुदाय र संस्थागत तहमा पूर्ण सरसफाइ अभियान अघि वढाउन सक्नेछ ।

(२) गाउँपालिकालेले पूर्ण सरसफाइ घोषणा कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

## परिच्छेद ८

## <u>कोष सम्बन्धी व्यवस्था</u>

प्रमाणित
३।०३।१

देविदत्त उपाध्याय
अध्यक्ष



CamScanner

४६. <u>खानेपानी सरसफाइ तथा स्वच्छता कोष</u> : (१) खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्थापनका लागि गाउँपालिका स्तरमा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) अनुमति प्राप्त संस्थाबाट तोकिएबमोजिम प्राप्त हुने रकम,

(क) यस ऐनको उल्लङ्घन भएको दण्ड जरिवाना बापतप्राप्त रकम, र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४७. <u>खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सञ्चालक समितिको गठन:</u> (१) कोषको व्यवस्थापन, सञ्चालन र रेखदेख गर्नको लागि देहाय बमोजिमको खानेपानी, सरसफाइ तथा स्वच्छता कोष सञ्चालक समिति रहनेछ:

(क) गाउँपालिकाको प्रमुख - अध्यक्ष

(ख) गाउँपालिकाको उपप्रमुख -उपाध्यक्ष

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य

प्रमाणित
२०७८-।



देविदत्त उपाध्याय
अध्यक्ष

(घ) वडा अध्यक्षहरू कार्यपालिकाले समावेशी मध्येबाट रूपमा तोकेको दुई जना वडा अध्यक्ष - सदस्य

(ङ) कार्यपालिकाले कार्यपालिकाका तोकेको दुईजना महिला सदस्य- सदस्य

(च) खानेपानी, सरसफाइ तथा स्वच्छता, जलस्रोत, वातावरण र जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरूमध्ये सामाजिक समावेशीताका आधारमा अध्यक्षबाट मनोनीत दुई जना - सदस्य

(छ) प्रमुख, शिक्षा शाखा -सदस्य

(ज) प्रमुख आर्थिक प्रशासन शाखा - सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ञ) प्रमुख, स्वास्थ्य शाखा -सदस्य

(ट) प्रमुख, खानेपानी, सरसफाइ र स्वच्छता शाखा - सदस्य सचिव

(२) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

४८. **मर्मत सम्भार कोषको व्यवस्थापन** : (१) हरेक उपभोक्ता संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि एक मर्मत संम्भार कोषको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्वन्धी अन्य व्यवस्था सम्वन्धित उपभोक्ता संस्थाले तोके बमोजिम हुनेछ ।

४९. **उपभोक्ता संस्थाको मर्मत सम्भार कोषको सञ्चालनः** (१) उपभोक्ता संस्थाको कोषमा जम्मा भएको रकम गाउँपालिकाभित्र अवस्थित बैङ्कमा उपभोक्ता संस्थाको नाममा खाता खोली जम्मा गर्नु पर्नेछ र सो खाता कोषाध्यक्ष र अध्यक्ष तथा सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपभोक्ता संस्थाको कोषको व्यवस्थापन, खाता संचालन तथा संस्थागत



देविदत्त उपाध्याय
अध्यक्ष

विकासका लागि गाउँपालिकाले तालिमको व्यवस्था गर्न सक्नेछ ।

(३) साधारण सभाले प्रत्येक वर्ष लेखा परीक्षक तोक्दा गाउँपालिकामा सूचीकृत लेखापरीक्षक मध्येबाट तोक्नु पर्नेछ र त्यसरी लेखापरीक्षक तोक्दा कुनै लेखापरीक्षण कम्पनीलाई लगातार दुई आर्थिक वर्ष भन्दा बढी तोक्न पाउने छैन ।

(४) उपदफा (३) बमोजिमको लेखापरीक्षण उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीले उपभोक्ता संस्थाले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

(६) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५०. <u>विधान विपरीत काम गर्नेलाई दण्ड जरिवाना :</u> (१) खानेपानी आयोजना र संरचना वा खानेपानी सेवामा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता संस्थाले उपयुक्त नसिहत दिन वा जरिवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्थाको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त उपभोक्ता संस्थाको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ ।

## परिच्छेद ९

## <u>कसुर तथा जरिवाना</u>

५१. <u>कसुर र सजाय</u> : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ ।

(क) यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्य बिना अनुमति



देविदत्त उपाध्याय
अध्यक्ष

गर्ने

(ख) खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति

पुर्‍याएमा

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम

नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ।

(क) उपदफा (१) (क) बमोजिमको कसूर गरेमा रु ५००० जरिवाना गरी अनुमति लिन आदेश गरिनेछ ।

(ख) उपदफा (१) (ख) बमोजिमको कसूर गरेमा क्षति भएको संरचना बराबरको क्षतिपुर्ति सहित रु १०००० जरिवाना गरिनेछ ।

(ग) उपदफा (१) (ग) बमोजिमको कसूर गरेमा क्षतिपुर्ति सहित रु ५००० देखि १०००० सम्म जरिवाना गरिनेछ ।

५२. <u>प्रचलित कानुन बमोजिम सजाय हुने</u>: सङ्घीय खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा (४२) फोहर मैला व्यवस्थापन ऐन २०६८ दफा (३८) र प्रचलित सङ्घीय कानुनले कसुरको रूपमा निर्धारण गरेका कसुर गरेमा सोही कानुन बमोजिम सजाय हुनेछ ।

५३. <u>अनुसन्धान अधिकृत तोक्ने:</u> यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धान गर्न गाउँपालिकाले कानुन अधिकृत वा कानुन अधिकृत नभएमा कम्तीमा पाँचौं तहको खानेपानी तथा सरसफाइ विज्ञ कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रूपमा तोक्न सक्नेछ ।

५४. <u>कारबाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी</u> : यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई वा सो ले तोकेको अधिकारी हुनेछ ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष



CamScanner

५५. पुनरावेदन दिन सकिने : दफा ५१ अनुसार गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले न्यायिक समितिमा पुनरावेदन दिन सक्नेछ र न्यायिक समितिको निर्णय उपर पनि चित्त नबुझेमा त्यस्तो निर्णय भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-१०

## विविध

५६. खानेपानी तथा सरसफाइ सेवाको अनुगमन तथा नियमन : (१) गाउँपालिकाले खानेपानी सरसफाइ तथा स्वच्छता सेवाको अनुगमन तथा नियमन गर्न अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको टोलीले दिएको निर्देशन सम्बन्धित अनुमति प्राप्त संस्थाले पालना गर्नुपर्नेछ ।

५७. पारिस्थितिक सेवा बापतको भुक्तानी सम्बन्धी व्यवस्था गर्न सक्ने : (१) गाउँपालिकाले पारिस्थितिकीय सेवाको व्यवस्थापन र उपयोग वापतको भुक्तानी सम्बन्धी नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पारिस्थितिकीय सेवाको व्यवस्थापन वा वापतको भुक्तानी सम्बन्धी नीति, आयोजना, परियोजना तथा स्कीमको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "पारिस्थितिकीय सेवा" भन्नाले कुनै वातावरणमा रहने समुदाय (बोट बिरुवा, जीव जन्तु, जलस्रोत, सुक्ष्मदर्शी जीवहरू) र वातावरण बिचको अन्तरसम्बन्ध अर्थात् एक अर्काबाट प्राप्त हुने सेवा वा लाभ प्रणालीलाई सम्झनु पर्दछ ।

५८. पुरस्कार सम्बन्धी व्यवस्था : खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष



CamScanner

५९. <u>निर्देशन दिन सक्ने</u> : गाउँपालिकाले उपभोक्ता संस्था, अनुमति-पत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी, तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

६०. <u>अधिकार प्रत्यायोजन</u> : गाउँपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

६१. <u>नियम बनाउन सक्ने</u> : गाउँपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियमहरु बनाई कार्यान्वयन गर्न सक्नेछ-

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सञ्चालन तथा व्यवस्थापन,

(ख) स्वच्छ तथा गुणस्तरीय खानेपानी वितरण सम्बन्धी,

(ग) खानेपानीको गुणस्तर तथा मापदण्ड,

(घ) प्रयोगशालाको स्थापना तथा सञ्चालन सम्बन्धी,

(३) अन्य कार्य विधिहरू आवश्यकता अनुरूप गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे अनुरुप बनाउन सकिनेछ ।

६२. <u>निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने</u> : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

प्रमाणित

देविदत्त उपाध्याय
अध्यक्ष

६३. **<u>बचाउ</u>** : यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।

६४. **<u>विशेषाधिकार</u>**: यस ऐनमा भएका दफाहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार गाउँ सभामा रहनेछ ।

६५. **<u>ऐनको कार्यान्वयन तथा पालना</u>** : गाउँ सभाका सबै जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता संस्था तथा सम्बद्ध सबैले यो ऐनको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ।

देविदत्त उपाध्याय
अध्यक्ष